

के तपाईको घर पानीले रसाएको छ ?
अब चिन्ता नगर्नुहोस !
चिन्ताको समाधान Waterproofing ले गर्ने छ । १००% ग्यारेन्टीका साथ समस्याको समाधान ।
सम्पर्कः प्रगति ट्रेड कन्सर्न
रानीपौवा, पोखरा-११ (रञ्जित पार्टी प्यालेसको नजिकै)
०६१-५७८०९९, ९८५६०२२३३३, ९८४६९१४७७३



राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily



रु. १.५ मा
कलर भिजिटिङ कार्ड साथै
तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्कः
०६१-५७०६५१, ९८५६०७५५७५



❑ वर्ष २५ ❑ अङ्क २५९ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८१ असोज ९ गते बुधबार ❑ 25 Sept. 2024 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५।-


## स्थिरताका लागि कांग्रेस-एमाले सरकारः मन्त्री पाण्डे

पोखरापत्र संवाददाता
पोखरा, ८ असोज

संस्कृति, पर्यटन तथा नागरिक उड्यनमन्त्री बद्रीप्रसाद पाण्डेले देशको राजनीतिक, आर्थिक एवं सामाजिक अस्थिरतालाई ठिक ठाउँमा ल्याउन दुई ठूला दल नेपाली काग्रेस र नेपाल कम्युनिष्ट पार्टी (एमाले) को नेतृत्वमा सरकार गठन भएको बताउनुभएको छ ।

काग्रेस गण्डकी प्रदेश कार्यालय पोखरामा सोमबार आयोजित कार्यक्रममा उहाँले विसं २०८४ को निर्वाचनमा मुख्य प्रतिस्पर्धी एमाले भए पनि देशलाई अस्थिरताबाट जोगाउन काग्रेसले मिलेर सरकार बनाउनुपरेको बताउनुभयो । "देशलाई सङ्कटबाट



मुक्त गर्न दुई पार्टीबीच सहकार्य भएको हो । त्यसैले जनतालाई राहत दिने गरी सरकारले काम गर्नुपर्छ भनेर लागिरहेका छौँ । देशलाई सही दिशामा डोर्याउन सरकार सचेत र संवेदनशील भई अन्य पार्टीलाई पनि सँगै लिएर जान्छ", मन्त्री पाण्डेले भन्नुभयो ।

विविधतापूर्ण संस्कृति र प्राकृतिक रूपमा सम्पन्न नेपालमा पर्यटन क्षेत्रको विकासका लागि काम गर्नुपर्ने आवश्यकता औँल्याउनुहुँदै मन्त्री पाण्डेले यसका लागि सरकार क्रियाशील रहेको धारणा राख्नुभयो । पोखरा क्षेत्रीय अन्तराष्ट्रिय विमानस्थल र भैरहवास्थित गौतम बुद्ध अन्तराष्ट्रिय विमानस्थललाई चलायमान बनाउन आफूले विदेशी एयरलाइन्स कम्पनीसँग कुरा गरिरहेको उहाँले जानकारी दिनुभयो । "दुई वटा विमानस्थल चलायमान गर्न विमानस्थलबाट लिँदै आएको प्रतिव्यक्ति रु तीन हजार कर छुट गरिएको छ । अब नेपाली आकास सुरक्षित छ भन्ने सन्देश दिन सबै मिलेर काम गर्न जरूरी छ", मन्त्री पाण्डेको भनाइ थियो । काग्रेस गण्डकी प्रदेश सभापति शुक्रराज शर्माले नेपालमा धार्मिक पर्यटकको सम्भावना रहेकाले भएकाले सोहीअनुसार पर्यटन पूर्वाधार विकास र प्रचारप्रसारमा लाग्नुपर्नेमा जोड दिनुभयो ।

## पोखरामा पर्यटन मन्त्रीहरूको भेला

पोखरापत्र संवाददाता
पोखरा, ८ असोज

पर्यटनको राजधानी पोखरामा बुधबार सङ्घीयसहित सातै प्रदेशका पर्यटन मन्त्रीहरूको भेला हुने भएको छ ।

विश्व पर्यटन दिवसको अवसर पारी पोखरामा पर्यटन मन्त्रीहरूको भेला हुन लागेको हो । सङ्घीय मन्त्रीसहित सबै प्रदेशका मन्त्रीहरू आज साँझसम्म पोखरा आइपुग्नुहुने गण्डकी प्रदेशका पर्यटन सचिव कुमानसिंह गुरुङले जानकारी दिनुभयो ।

उहाँका अनुसार बुधबार बिहान नेपाल सरकारका पर्यटन मन्त्री बद्रीप्रसाद पाण्डेको अध्यक्षतामा सातवटै प्रदेशका पर्यटन मन्त्रीहरू सम्मिलित विषयगत समितिको बैठक बस्ने भएको छ ।

बुधबार दिउँसो गण्डकी प्रदेशका पर्यटन मन्त्रीको अध्यक्षतामा सङ्घीय मन्त्री, मुख्यमन्त्री र सबै प्रदेशका पर्यटन मन्त्री एवम् पर्यटनसम्बद्ध सङ्घसंस्थाका प्रतिनिधिको सहभागितामा 'पोखरा पर्यटन राजधानी नीति संवाद' कार्यक्रम हुने उहाँले जानकारी दिनुभयो ।

सङ्घीय पर्यटनमन्त्री र गण्डकी प्रदेशका मुख्यमन्त्रीले सम्बोधन गर्नुहुने उक्त कार्यक्रममा निजी क्षेत्र पोखरा पर्यटन परिषद्, पोखरा महानगरपालिका र गण्डकी प्रदेश सरकारका तर्फबाट कार्यपत्रसमेत प्रस्तुत गरिने कार्यक्रम रहेको छ ।

## चाडपर्व नजिकिँदै गर्दा बजार अनुगमनमा तिव्रता,म्याद गुज्रेका र अखाद्य वस्तु नष्ट

पोखरापत्र संवाददाता
पोखरा, ८ असोज

जिल्ला वजार अनुगमन टोलीले स्थलगत अनुगमनका क्रममा वजारमा भेटिएका अखाद्य वस्तु र म्याद गुज्रेका सामानहरु नष्ट गरेको छ ।

पर्यटन तथा उद्योग कार्यालय कास्कीले जिल्लाको अन्नपुर्ण गाँउपालिकाको वडा नं ५ र ६ स्थित राजमार्गमा संचालित होटल/रेष्टुरेन्ट एवं पसलहरुमा अनुगमन गर्दा करिव २० हजार वरावरको सामान नष्ट गरेको थियो । अनुगमनका क्रममा संचालनमा रहेका पसल दर्ता भए नभएको, उपभोग्य सामानको म्याद कायम रहे नरहेको, सामानको गुणस्तर कायम रहे वा नरहेको, मुल्य निर्धारण भए वा नभएको, नापतौलमा एकरुपता कायम भए वा नभएको जस्ता व्यवसायीले पालना गर्नुपर्ने नियम पालना गरे वा नगरेको, होटल रेष्टुरेण्टमा खाने तेलमा शुद्धता भए नभएको सम्वन्धमा परिक्षण गरिएको थियो ।

होटल/ रेष्टुरेण्ट संचालकहरुले प्रयोग गर्ने तेलमा वढीमात्रामा कैफियत भेटिएपछि त्यस्तो तेल नष्ट गर्नुका साथै व्यवसाय संचालकहरुलाई सचेत गराएको थियो । अनुगमन टोलीमा पर्यटन तथा उद्योग कार्यालय कास्कीका प्रमुख महराज ढकाल, खाद्य प्रविधि तथा गुण नियन्त्रण कार्यालय पोखराका सविना सुनार, गुणस्तर तथा नाप तौल कार्यालयका रघुनाथ पौडेल, उपभोक्ता मञ्च कास्कीका सचिव कमल पौडेल अथक, नेपाल पत्रकार महासंघ कास्कीका कार्यवाहक अध्यक्ष रामप्रसाद तिमिल्सेना, प्रहरी उपरिक्षक वसन्तराज भुषाल, पर्यटन तथा उद्योग कार्यालय कास्कीका तारावहादुर रायमाझी सहभागी थिए ।

अनुगमनका क्रममा टोलीले पसलमा भेटिएका उपभोक्तासँग तपाई कत्तिको सन्तुष्ट हुनुहुन्छ ? भनी प्रतिक्रिया समेत लिएको थियो । वजारमा उपलब्ध सामानको गुणस्तर कायम गराउन र उपभोक्ताको हितका लागि चाडपर्व लक्षित गेरर वजार अनुगमनलाई तिव्रता दिईएको अनुगमन टोलिका संयोजक एवं पर्यटन तथा उद्योग कार्यालय कास्कीका प्रमुख महराज ढकालले वताउनुभयो । उपभोक्ता सचेत भएर सामानको विल लिएर कारोवार गर्नउहाको सुझाव थियो ।

## विश्व पर्यटन दिवस पोखरामा विभिन्न कार्यक्रम गरी मनाईने

पोखरापत्र संवाददाता
पोखरा, ८ असोज

विश्व पर्यटन दिवसको अवसरमा पोखरामा विभिन्न कार्यक्रम गरि मनाईने भएको छ ।

पोखरा पर्यटन परिषदको समन्वयमा विश्व पर्यटन दिवसको अवसरमा पोखरामा मिनि सडक महोत्सव देखि पुम्दी भुम्दीमा पर्वतीय दौड प्रतियोगिता लगायतका कार्यक्रम गरि उक्त दिवस मनाईने भएको मंगलबार पोखरामा आयोजित पत्रकार भेटघाट कार्यक्रममा जानकारी गराईएको हो । पर्यटन दिवसको अवसरमा पोखरा क्षेत्र केन्द्रित हुने गरी पर्यटकहरुलाई स्वागत सत्कार देखि मिनि सडक महोत्सव, पर्वतीय दौड सहितका विभिन्न छलफल एवं अन्तरकृया कार्यक्रम हुने भएको परिषदका अध्यक्ष तारानाथ पहारीले बताउनु भयो । रेवान पोखराको आयोजनामा असोज ११ गते पोखराको अम्बोट देखि वाराही चोकसम्म साँझ ४:३० बजेदेखि मिनि सडक महोत्सव हुने भएको छ । महोत्सवमा बाजा गाजा सहित विभिन्न साँस्कृतिक कार्यक्रमहरु समेत प्रर्दशन गरिने भएको छ । सडकमै खाउ, सडकमै रमाउ भन्ने उद्धेश्य साथ आयोजित यस कार्यक्रमले आन्तरिक तथा वाह्य पर्यटनलाई पोखरा भित्र्याउन महत्वपुर्ण भुमिका खेल्ने रेवान पोखराका महासचिव बिरेन्द्र शेरचनले बताउनुभयो । साथै सोहि दिन साँझ पोखराको फेवाताल किनारामा तालवाराही महाआरती हुने भएको उहाँले जनाउनुभयो ।

असोज १२ गते पोखराको शान्ती स्तुप र बुद्धपाकलाई जोडने गरी पोखरा क्लिकको आयोजनामा पोखरा पर्यटन परिषद सगको सहकार्यमा प्रथम खुल्ला पर्वतीय दौड प्रतियोगिता समेत आयोजना हुने भएको अध्यक्ष पहारीले जनाउनुभयो ।

असोज ११ गते शुक्रवार पर्यटन दिवको पूर्व सन्ध्यामा गण्डकी प्रदेश सरकार, उद्योग तथा पर्यटन मन्त्रालय, पोखरा महानगरपालिका सगको सहकार्य एवं नेपाल पर्यटन बोर्ड गण्डकी प्रदेशको प्रवर्धन तथा पोखरा पर्यटन परिषद्को आयोजनामा ४५ औं विश्व पर्यटन दिवस पर्यटन र शान्ति भन्ने मुल नाराका साथ मनाउन लागेको हो ।

असोज ९ गते गण्डकी प्रदेशको उद्योग तथा पर्यटन मन्त्रालयको आयोजनामा "पोखरा पर्यटनको राजधानी नीति संवाद कार्यक्रम" आयोजना गरिएको छ । कार्यक्रममा सातै प्रदेशका पर्यटन मन्त्रीका साथै संघिय सरकारका पर्यटन मन्त्री र पर्यटन व्यवसायीहरु बिच सो संवाद कार्यक्रम हुने भएको अध्यक्ष पहारीले जनाउनु भयो । असोज ९ गते भिटोफ गण्डकी प्रदेशको आयोजनामा व्यवसायी, पत्रकारहरु सहित ग्रामीण पर्यटन प्रवर्द्धन तथा कला सस्कृतिको संरक्षण गर्ने उद्देश्यका साथ पोखरा १९ मा रहेको रिन्जे नासा होमस्टेमा एक रात दुई दिने घरवास कार्यक्रम आयोजना गरिएको छ ।

असोज १० गते टान गण्डकीको आयोजनामा व्यवसायीहरु, र पत्रकारहरु सहितको पोखरा मोरिया लप्सीबोट भुकदेउराली सम्मको १ रात २ दिने पदयात्रा कार्यक्रम आयोजना गरिएको छ । विश्व पर्यटन दिवसका दिन असोज ११ गते पर्यटन यातायात व्यवसायी संघ गण्डकी प्रदेशको आयोजनामा पोखराको लेकसाइड स्थित फिस्टेल गेटदेखि पोखरा अन्तराष्ट्रिय विमानस्थलसम्म पर्यटक बहान र्‍याली गरिने भएको छ । असोज ११ गते उद्योग तथा पर्यटन मन्त्रालय गण्डकी प्रदेश, पोखरा महानगरपालिका, नेपाल पर्यटन

बाँकी अन्तिम पृष्ठमा ▶▶

## 'शून्य होम डेलिभरी' अभियानमा माछापुच्छ्रे गाउँपालिका

पोखरापत्र संवाददाता
पोखरा, ८ असोज

जिल्लाको माछापुच्छ्रे गाउँपालिकाले सुरक्षित प्रसूतिका लागि स्वास्थ्य संस्थामा जान प्रोत्साहित गर्दै 'शून्य होम डेलिभरी' अभियान सञ्चालन गरेको छ ।

पालिकाले गर्भवतीको स्वास्थ्यमा हुनसक्ने जोखिमलाई न्यून गर्न घरमा हुने सुत्केरीलाई शून्यमा झार्नेगरी नौ वटा वडामा उक्त अभियान सञ्चालन गरेको हो । गाउँपालिकाका उपाध्यक्ष सीता अधिकारीले गर्भवतीको नियमित स्वास्थ्य परीक्षणका साथै आवश्यक अभिमुखीकरण र सचेतना कार्यक्रम सञ्चालन गरिएको जानकारी दिनुभयो । उहाँका अनुसार आर्थिक वर्ष २०७९/८० मा १३ र गत आवमा चार जनामात्रै घरमा सुत्केरी भएका छन् ।

गाउँपालिकाले स्वास्थ्य संस्थामा सुत्केरीको आकर्षण बढाउने उद्देश्यले 'सुत्केरी चुलो', जनचेतना अभिवृद्धिसहित विभिन्न अभिमुखीकरणसम्बन्धी कार्यक्रम सञ्चालन गरिरहेको उपाध्यक्ष अधिकारीले बताउनुभयो । "शून्य होम डेलिभरी पालिका घोषणाको तयारी सुरु गरिसकेका छौँ । सबै वडाहरुमा गर्भवतीको सङ्ख्या दर्ता गरेर 'उपाध्यक्षसँग गर्भवती सुरक्षा' कार्यक्रमका बारेमा जानकारी दिइरहेका छौँ", उहाँले भन्नुभयो, "सुत्केरीका लागि अनिवार्य स्वास्थ्य संस्थामा जानुपर्दछ भन्ने सन्देश प्रवाह गरेका छौँ ।" गर्भवती सुरक्षा, पोषण, आमा र शिशुको स्वास्थ्य तथा गर्भावस्थामा देखापर्ने खतराका चिन्ह, यसको व्यवस्थापन, सुत्केरी स्याहार, सुत्केरी चुलो, सुत्केरीलाई यातायात सुविधा, पालिकामा सञ्चालित बर्थिङ सेन्टरलगायत विषयका बारेमा सबै वडाका गर्भवतीलाई जानकारी गराउन अभिमुखीकरण सुरु गरिएको उपाध्यक्ष अधिकारीले बताउनुभयो । उहाँका अनुसार पालिकाले दुई वर्षदेखि 'सुत्केरी चूल्हो' कार्यक्रम सञ्चालन गरिरहेको छ । सुरक्षित प्रसूतिका लागि स्वास्थ्य संस्थामा जाँचका लागि जानलाई प्रेरित गर्ने उद्देश्यले उक्त कार्यक्रम सञ्चालन गरिएको पालिकाका स्वास्थ्य शाखा प्रमुख डिल्लीराम दाहालले बताउनुभयो । "सुत्केरी चूल्हो कार्यक्रम प्रभावकारी बन्दै गएको छ । यसले स्वास्थ्य संस्थामा सुत्केरी हुनेको सङ्ख्या बढ्दै गएको पाएका छौँ", उहाँले भन्नुभयो, "घरमा हुने सुत्केरीलाई चालु आवमा शुन्यमा झार्ने योजना अनुसार कार्यक्रम गरिरहेका छौँ ।" स्वास्थ्य शाखा प्रमुख दाहालका अनुसार 'सुत्केरी चुलो' कार्यक्रममा महिलाले प्रसूतिका बेला खाना, आवास, स्वास्थ्य स्याहारलगायत सुविधा पाउछन् । सुत्केरी र एक जना कुरुवाका लागि खानेकुरादेखि पकाउने भान्छा, भाँडाकुँडा र सुत्ने व्यवस्थासमेत गरिएको उहाँले जानकारी दिनुभयो ।

स्वास्थ्य शाखा प्रमुख दाहालले गाउँपालिकाले प्रसूति सेवाका लागि स्वास्थ्य संस्थामा आवतजावत गर्दा लाग्ने यातायात खर्चसमेत दिने गरेको बताउनुभयो । पालिकाका प्रसूति केन्द्रमा सुत्केरी हुन नसकी अन्य अस्पतालमा पठाउनुपरेमा थप यातायात खर्चसमेत दिने गरिएको दाहालले जानकारी दिनुभयो । सङ्घीय सरकारले स्वास्थ्य संस्थामा सुत्केरी हुनेका लागि रु दुई हजार उपलब्ध गराउँदै आएको छ ।

यसबाहेक गाउँपालिकाले स्वास्थ्य संस्थामा आएर गर्भजाँच गराउनेलाई यातायात खर्चबापत सुगमका लागि रु एक हजार र दुर्गमका लागि रु दुई हजार पाँच सय तथा पोषण खर्च रु एक हजार प्रदान गर्दै आएको स्वास्थ्य शाखा प्रमुख दाहालले जानकारी दिनुभयो ।





पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर,पम्प्लेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस् ।

हिमालय अफसेट प्रेस
नयाँबजार, पोखरा
फोन नं. : ०६१-५७०६५१

# माछापुच्छ्रे टी-२० क्रिकेट लिग सिजन-३ शुरु

पोखरापत्र संवाददाता
पोखरा, ८ असोज

माछापुच्छ्रे क्रिकेट क्लवको आयोजनामा माछापुच्छ्रे टी-२० क्रिकेट लिग सिजन-३ शुरु भएको छ।

प्रतियोगितामा पोखरा फिनिक्सले विजयी शुरुवात गर्यो। लेखनाथस्थित इडन हेवन्स क्रिकेट मैदानमा भएको खेलमा फिनिक्सले कुस्मा वारियर्सलाई ८ विकेटले पराजित गरेको हो।

टस जितेर बलिङ गरेको फिनिक्सले कुस्मा वारियर्सलाई १७ ओभरमा ८४ रनमा समेटेको थियो। कुस्माको तर्फबाट दोर्जे लामाले २२ तथा विकास क्षेत्रीले १८ रन जोडे। फिनिक्सका बलरहरु विनोद नेपालीले ४ ओभरमा ५ रन खर्चिएर ४ विकेट लिए। त्यस्तै, उमेश कुँवर र अमृत लामिछानेले समान २ विकेट लिए। पोखरा फिनिक्सले खेल




आफ्नों पक्षमा पार्ने क्रममा १५.५ ओभरमा ५ विकेट गुमाउँदै लक्ष्य प्राप्त गर्यो। फिनिक्सको तर्फबाट उपकप्तान प्रथम श्रीवास्तवले २४, अमृत लामिछानेले २३ तथा म्यान अफ द म्याच समेत बनेका विनोद नेपालीले अभिजित १७ रन बनाए। प्रतियोगिताको अर्को खेलमा सि.एण्ड.डी.वारियर्सले एभरेष्ट क्रिकेट क्लवमाथि ५८ रनको फराकिलो जित निकाल्यो। व्याटिङको निमन्त्रणा पाएको वारियर्सले पुरा २० ओभर खेल्दै ९ विकेटको क्षतिमा १ सय २० रनको योगफल तयार पार्यो। वारियर्सका लागि कप्तान प्रविण ढकालले २५, प्रदीप पौडेलले २१ तथा गोरे जिटी र अनिष खड्का दुवैले १८ रन जोडे। एभरेष्टका बलरहरु अजय रामले ३, नियाज अहमद र विटु बैठाले २/२ विकेट लिए।

जितका लागि १ सय २१ रनको लक्ष्य पछ्याएको एभरेष्ट १२.२ ओभरमा ६२ रनमै समेटिएको थियो। एभेरष्टको तर्फबाट प्रदीप माभिले १५, विक्की शर्माले १४ तथा नियाज अहमदले १२ रन जोडे। वारियर्सको बलिङमा म्यान अफ द म्याच अब्दुल खलिकले ४ ओभरमा १३ रन खर्चिएर ३ विकेट लिए।

अर्का बलर सागर बस्यालले २ विकेट लिए। प्रतियोगिताको विजेत टिमले नगद १ लाख सहित ट्रफि तथा उपविजेता टिमले नगद ५० हजार सहित ट्रफि पुरस्कार प्राप्त गर्ने आयोजक क्लवका अध्यक्ष अध्यक्ष दीपेश खत्रीले जानकारी दिए।

# पोखरा उद्योग वाणिज्य संघका नवनिर्वाचित पदाधिकारीलाई सम्मान

पोखरापत्र संवाददाता
पोखरा, ८ असोज

नेपाल उद्योग तथा व्यवसायी महासंघ गण्डकी प्रदेश र जिल्ला कमिटिले पोखरा उद्योग वाणिज्य संघका नवनिर्वाचित पदाधिकारीलाई बधाई तथा शुभकामना व्यक्त गरेका छन्।

सोमबार पोखरामा आयोजित एक कार्यक्रमका बीच नवनिर्वाचित अध्यक्ष गोकर्ण कार्की सहित पदाधिकारी तथा सदस्यलाई पूर्व बन तथा वातावरणमन्त्री एवम् नेकपा एमाले गण्डकी प्रदेश इन्चार्ज किरण गुरुङले सम्मान गर्नुभएको हो। कार्यक्रममा गुरुङले औद्यागिक वस्तु उत्पादनमा जोड दिनुपर्ने बताउँदै एक पालिका एक औद्योगिक ग्रामको अभियानलाई अघि बढाउनुपर्ने बताउनुभयो। कोभिडका कारण प्रभावित अर्थतन्त्रमा पछिल्लो समयमा सकारात्मक सूचकहरू देखिएको बताउँदै उहाँले अर्थतन्त्र केही चलायमान भएको बताउनुभयो। मुलुकको विकास गर्ने महत्वपूर्ण जिम्मेवारी उद्योग व्यवसायीको काँधमा रहेको उहाँको भनाइ छ।

नेपाल उद्योग वाणिज्य महासंघ गण्डकी प्रदेशका संस्थापक अध्यक्ष एवम् नेपाल उद्योग तथा व्यवसायी महासंघ गण्डकी प्रदेशका संस्थापक अध्यक्ष सञ्जिबबहादुर



कोइरालाले तत्कालीन पञ्चायती व्यवस्थाका समयमा पनि शाकहरूले पोखरा उद्योग वाणिज्य संघले के भन्छ भनेर डराउने अवस्था रहेको बताउँदै त्यो गरिमालाई जोगाउनु जरुरी रहेको बताउनुभयो। व्यावसयिक हितका लागि संघ कृयाशिल बन्नुपर्ने उहाँले बताउनुभयो।नेपाल उद्योग तथा व्यवसायी महासंघ गण्डकी प्रदेशका अध्यक्ष एवम् बरिष्ठ पर्यटन व्यवसायी बोबरजंग गुरुङले संकटमा परेको उद्योग तथा व्यवसाय क्षेत्रका समस्या समाधानका लागि साझा अवधारणाका साथ अघि बढ्नुपर्ने आवश्यकता औंल्याउनुभयो। कोरोना कहर पछि पर्यटन सहितका व्यवसायहरू संकटग्रस्त नै रहेको बताउँदै उहाँले धेरै व्यवसायीहरू पलायन भएको बताउनुभयो। सरकारको व्यवसायमैत्री नीति आवश्यक रहेको बताउँदै उहाँले व्यवसायहरू संकटमा नै रहेको विद्यमान अवस्थामा गण्डकी प्रदेश सरकारले यस अघि सञ्चालन गरेको व्यवसाय जीवन रक्षा कोषलाई निरन्तरता दिनु आवश्यक भएको बताउनुभयो।

पोखरा उद्योग वाणिज्य संघका नवनिर्वाचित अध्यक्ष गोकर्ण कार्कीले व्यवसायका क्षेत्रमा देखिएका समस्यालाई सबैको सहकार्यमा समाधान गरेर बढ्ने कुरामा लाग्ने विश्वास व्यक्त गर्नुभयो। सबै व्यवसायीलाई समेटेर अघि बढ्ने उहाँले बताउनुभयो।

नेपाल उद्योग तथा व्यवसायी महासंघ जिल्ला कमिटि अध्यक्ष कृष्णप्रसाद तिवारीको अध्यक्षता एवम् सचिव धर्ममान सिंह भण्डारीले सञ्चालन गर्नुभएको कार्यक्रममा नेकपा एमाले जिल्ला कमिटि उपाध्यक्ष भेषराज बराल, पोखरा महानगर कमिटि अध्यक्ष जीवन आचार्य, नेपाल उद्योग तथा व्यवसायी महासंघका केन्द्रीय सदस्य उमराज बास्तोला, पोखरा उद्योग वाणिज्य संघका महासचिव शोभा गौतम, सदस्य ललितबहादुर कुँवर लगायतले बोल्नुभएको थियो।

# विश्व...

बोर्ड गण्डकी प्रदेश र पोखरास्थित पर्यटकीय संघ संस्थाहरुले पोखरा अन्तराष्ट्रिय विमानस्थल तथा पोखरा पर्यटक बसपार्कमा पहिला आउने पर्यटकलाई खादा, बाजागाजा सहित स्वागत सम्मान गरिने भएको छ। नाट्टा गण्डकीको आयोजनामा पोखरा ०६ स्थित नारश्वेर चोकमा सोही दिन बिहान रक्तदान कार्यक्रम समेत आयोजना गरिएको महासचिव जीवनराम सापकोटाले जनाउनु भयो। असोज ११ गते पोखरा पर्यटन परिषद्को आयोजनामा शान्ति र पर्यटन शिर्षकमा टंक शो कार्यक्रम पोखरा ६ स्थित अम्बोट, लेकसाइडमा आयोजना गरिने भएको छ।

पत्रकार भेटघाट कार्यक्रममा प्रदेशका उद्योग पर्यटन मन्त्रालयका सचिव कुमानसिंह गुरूङले स्थानिय, प्रदेश, संघ सरकार बिचको सहकार्यमा यस बर्ष पर्यटन सम्बन्धि विभिन्न कार्यक्रम हुने भएको बताउनु भयो। नेपाल पर्यटन बोर्डका प्रमुख कार्यकारी अधिकृत दीपकराज जोशीले पर्यटन क्षेत्रमा परेको असर प्रायः एक बर्ष भित्र सहज हुने गरेको भए पनि पोखरा क्षेत्रमा भने दुई बर्ष वित्दा पनि सहज नभएको जनाउनु भयो। राजनीतिक कारणल गर्दा चाहिने नचाहिने स्थानमा बजेट विनियोजन भएकोले बोर्डले धेरैको आलोचना खेप्नु परेको उहाँले सुनाउनु भयो। चालु बर्षको बजेट बनाउदा किटान सहित बजेट ल्याउन प्रयास गर्ने सिइिओ जोशीले जनाउनु भयो। पोखरामा सोलो प्याराग्लाईडिङ संचालनमा पहल हुँदै आएको परिषदका निवर्तमान अध्यक्ष पोमनारायण श्रेष्ठले बताउनु भयो। उक्त दिवसले पोखरा सहित नेपालको पर्यटन प्रबर्द्धन हुने उहाँले बताउनु भयो। पर्यटन बोर्डको मुख्य उद्देश्य के हो चौतारा, बाटो निर्माणमा बजेट विनियोजन गरेकोले पर्यटन प्रबर्द्धन हुने कार्यक्रम ल्याउन उहाँले आग्रह गर्नु भयो। किटान सहित बजेट विनियोजन गर्न निवर्तमान अध्यक्ष श्रेष्ठले बोर्ड समक्ष माग गर्नु भयो। प्रदेशका अन्य जिल्लामा नेपाल पर्यटन बोर्डले प्रथामिकता दिने गरेको वोर्ड गण्डकी प्रदेशका अधिकृत कुन्दन अर्यालले बताउनु भयो। पत्रकार महासंघ कास्कीका कोषाध्यक्ष कृष्णप्रसाद दवाडीले पोखरामा संघिय पर्यटन मन्त्री सहित प्रदेशका मन्त्री आउने कोषेढुगाा सावित हुने बताउनु भयो।

# रसिया पुगेका थापा सम्पर्कविहिन भएपछि परिवारको विचल्ली

पोखरापत्र संवाददाता
पोखरा, ८ असोज

परिवारको सुखको लागि ज्यानलाई जोखिममा राखेर विदेशीयका ज्ञान बहादुर थापामगर रसियामा हराएपछि उहाँको परिवार विचल्लीमा परेको छ। दलालमार्फत रसिया पुग्नु भएका थापा १० महिनादेखि सम्पर्क विहिन भएपछि पाँच जनाको परिवार विचल्लीमा परेको हो।

बर्दिया जिल्लाको वाँसगडी नगरपालिका वडा नं. ७ का स्थायी घर भएका ४२ बर्षीय थापाको पाँचजनाको परिवार यतिखेर पोखरा १६ बाटुलेचौरमा कोठा भाडामा लिएर जिविकोपार्जन गर्दै आएको छ। रसिया गएको एक बर्षभयो, मंसीरको १३ गते अन्तिम पटक फोन सम्पर्क भएको थियो त्यसपछि सम्पर्क विहिन भएको थापाकी श्रीमती इन्दिरा थापामगर बताउनु हुन्छ।

रसिया जाँदा आठ लाख लागेको थियो। गहभरी आँशु पारेर भक्कानिदै इन्दिराले भन्नुभयो, श्रीमानसंग सम्पर्क नहुँदाको समय कसरी बित्यो खासै थाहै छैन। कहाँ कतिबेला के हुने हो भन्ने चिन्ताले सताएको छ। जतिसक्दो छिटो



उहाँ सम्पर्कमा आउने विश्वास छ। "रसिया पुगेपछि उहाँले भन्नुहुन्थ्यो पहिलो क्याम्पमा राम्रो सुविधा थियो,दोश्रो क्याम्पमा सारेपछि खान समेत समस्या भएपछि दिदी राजकुमारी थापाले १३ हजार पठाई दिनुभयो" युक्रेनको युद्धरत क्षेत्रमा पुगेपछि कुनै पनि सम्पर्क छैन त्यसअघि पनि कुनै पनि रकम पठाउनु भएन। निशुल्क टिकट र भिषामा दुवई जाने तयारी भएको थियो, दलालको प्रलोभनमा परेपछि एकाएक मन परिवर्तन गरेर रसियामा जाने सोच बन्यो भन्नुभयो, हामी सवै परिवारले युद्धरत क्षेत्रमा नजानुहोस भन्यौ उहाँले परिवारको सुखका लागि मैले जोखिम उठाएको भन्नुभयो। इन्दिरा थापा भन्नुहुन्छ, मुटुको रोगी कान्छो छोरा कक्षा दुईमा पढ्छ, अस्पतालले शल्यकृया गर्नु पर्ने भनेको थियो अहिले नियमित औषधी खुवाउन सकेत मुस्किल परेको छ। डिएनए परिक्षेणका लागि सम्पर्क विहिन थापाको दिदी इन्दिर काठमाडौं जानुभएको थियो। सानो छोरा सौरभ, ठूलो छोरा निरज, बुहारी गंगा र छोरी अमृता सहित पाँच जनाको परिवार रहेको छ। छोराबुहारीले मजदुरी गरेर ल्याएको रकमले पाँच हजार घरभाडा तिर्ने गरेको छ। वर्दियाबाट ल्याएको चामलले अहिलेसम्म जेनतेन जिवन निर्वाह भएको छ।

मुलुकमा रोजगारी अभाव तथा न्यून पारिश्रमिक भएको कारण विदेशीने सयौ नेपालीहहरु एकाएक रुस युक्रेन युद्धमा होमिइन पुगेका परिवारले वेपत्ताको सार्वजनिक, सम्पर्कमा रहेकाको उद्धार गर्न सरकारको ध्यानाकर्षण गर्न काठमाडौमा आयोजित कार्यक्रममा समेत सहभागिता जनाएको उहाँले बताउनुभयो।

# 'नेपाललाई शान्तिक्षेत्र घोषणा गर्न पहल गरौँ'

रासस
काठमाडौं, ८ असोज

मुलुकको परराष्ट्र तथा सामाजिक क्षेत्रमा कार्यरत अगुवाहरूले गौतम बुद्धको जन्मभूमि लुम्बिनीलाई संयुक्त राष्ट्रसङ्घ र अरु सबै राष्ट्रबाट शान्तिक्षेत्र घोषणा गराउन आवश्यक पहलको लागि आह्वान गर्नुभएको छ।

नेपाल प्रज्ञा प्रतिष्ठान, दर्शन शास्त्र विभागद्वारा आज यहाँ आयोजित 'बौद्धदर्शन, विश्व शान्ति र शान्ति क्षेत्र नेपाल' विषयक अन्तर्क्रियाका वक्ताहरूले संयुक्त राष्ट्रसङ्घीय महासभाद्वारा नेपाललाई शान्ति क्षेत्र घोषणापत्र तथा कार्ययोजनालाई पारितका लागि पहल गर्न आवश्यक रहेकामा जोड दिनुभयो। उहाँहरूले नेपाललाई शान्ति क्षेत्र घोषणा गर्न सकिएमा नेपालीको साझा हित र नेपालको समग्र अस्तित्व, सुरक्षा र विकासका लागि ठूलो योगदान पुग्ने विश्वास व्यक्त गर्नुभयो। कार्यक्रममा परराष्ट्रविद् डा भेषबहादुर थापाले नेपालाई शान्ति क्षेत्र घोषणा गर्न सके भौगोलिक, आर्थिक, कूटनैतिक, सामाजिक, सांस्कृतिक एवं पर्यटन प्रवर्द्धन तथा हकहित सुरक्षा र विकासका लागि ठूलो लाभ प्राप्त हुने धारणा व्यक्त गर्नुभयो।

पूर्व राजदूत हिरण्यलाल श्रेष्ठले नेपाल सधैँ छिमेकीसँग असल सम्बन्ध कायम राखी वार्ता र छलफलका माध्यमबाट शान्तिपूर्ण रूपमा जस्तो सुकै समस्या समाधान गर्न प्रयत्नशील रही आएको उल्लेख गर्नुभयो।

# दलित मैत्री कानुन ब्यवहारिक सिकाइ अभ्यास र अनुभव विषयक अन्तरक्रिया

पोखरापत्र संवाददाता
पोखरा, ८ असोज


जिल्ला समन्वय समिति कास्कीले जनप्रतिनिधिहरूको लागि दलितमैत्री कानुन ब्यबहारिक सिकाइ अभ्यास र अनुभव बिषयक अन्तरक्रिया कार्यक्रम सम्पन्न गरेको छ।

जिल्ला समन्वय समिति कास्कीका प्रमुख लिलाधर पौडेलले कास्कीमा दलितमैत्री कानुनको ब्यवहारिक कार्यान्वयन सहित कठिनाइहरूको पहिचान र निराकरणका निम्ति सो कार्यक्रम आयोजना गरिएको बताउदै समतामूलक समाज निर्माणमा जनप्रतिनिधिहरूको प्रभाबकारी भुमिका स्थापित हुने बिश्वास ब्यक्त गर्नु भयो।

कास्कीका सबै पालिकाहरूमा दलितमैत्री नीति, कार्यक्रम र बजेट अझै थप प्रभाबकारी बनाउनेतर्फ ध्यान दिन पौडेलले आग्रह गर्नुभयो।



रूपान्तरकारी समाज निर्माणमा सबै लागिपर्न पौडेलले आग्रह गर्नुभयो।संविधान र कानुनले ब्यबस्था गरेका बिषय र अभ्यासको क्रममा देखिएका कठिनाइ निराकरण सम्बन्धमा सो कार्यक्रममा घनिभुत छलफल भएको थियो। कार्यक्रममा अधिबक्ता भगवती पाहारीले दलित मैत्री कानुन र ब्यबहारिक अभ्यास सिकाइ र अनुभव विषयमा कार्यपत्र सहित कार्यक्रममा सहजीकरण गर्नुभएको थियो। कार्यक्रममा कास्कीका पालिकाहरूबाट प्रतिनिधित्व गर्ने जनप्रतिनिधि सदस्यहरूको उपस्थिति रहेको थियो। कार्यक्रममा डेङ्गु रोगकारण रोकथाम र उपचारका सम्बन्धमा सचेतनामूलक प्रशिक्षण समेत सम्पन्न भएको थियो। जिल्ला समन्वय समिति कास्कीका प्रमुख लिलाधर पौडेलको अध्यक्षतामा सम्पन्न कार्यक्रममा स्वागत उप प्रमुख सरिता माल र संचालन जिल्ला समन्वय अधिकारी नवराज बरालले गर्नुभएको थियो।

कपालको उपचार
कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने
के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?
● कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
● चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
● कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन्।
● कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगाबै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ। यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला।

सम्पर्क: पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६

प्यारालाइसिसका बिरामीको उपचार
विगत १८ वर्षदेखि सञ्चालित यस हस्पिटलमा विशेष छुटका साथ नयाँ तथा पुराना प्यारालाईसिसका बिरामीहरुको सफल उपचार भैरहेको जानकारी गराउँदछौं।
प्रेसरले हानेर प्यारालाईसिस भएका बिरामीहरुको मात्र उपचार भइरहेको छ।
लक्षणहरु :
» शरिरको एक हर नचल्ने।
» मुख बाङ्गो भएको।
» खाना खान, बोल्न, पिसाब गर्न गाह्रो भएको।
» हिंड्न नसक्ने, खुट्टा हात लुलो भएको।
सम्पर्क:
स्पार्क वि एण्ड डि हस्पिटल प्रा.लि.
पोखरा-८ न्यूरोड, सभागृहचोक
फोन नं. ०६१-५७१४०८, ९८५६०२६७५०,९८६६४१५३८०

फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्धसम्पादकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com,Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

# बेनी अस्पतालमा बिहान सातदेखि बेलुका आठ बजेसम्म बहिरंग सेवा

**पोखरापत्र संवाददाता**
म्याग्दी, ८ असोज

म्याग्दी सदरमुकाम बेनीमा रहेको बेनी अस्पतालमा बहिरङ्ग (ओपिडी) सेवाको समयावधि विस्तारपछि अस्पतालमा स्वास्थ्य सेवा लिन आउने बिरामीको सङ्ख्या बढेको छ ।

म्याग्दीका साथै बागलुङ, पर्वत र मुस्ताङका सेवाग्राहीले समेत स्वास्थ्य सेवा लिने बेनी अस्पतालमा गण्डकी प्रदेशमा पहिलोपटक गत वर्षको कात्तिकदेखि बिहान ७:०० देखि बेलुका ८:०० बजेसम्म १३ घण्टे बहिरङ्ग सेवा विस्तार भएको थियो ।

शनिबार र बिदाका दिनमा समेत दैनिक १३ घण्टे ओपिडी सेवा विस्तार भएपछि सेवा लिन आउने बिरामीको सङ्ख्या वृद्धि भएको अस्पतालका निमित्त मेडिकल सुपेरिटेण्डेन्ट डा अञ्जु थापाले जानकारी दिनुभयो । उहाँका अनुसार आर्थिक वर्ष २०८०/८१ मा बेनी अस्पतालको ओपिडी सेवाबाट ७३ हजार नौ सय ३० जनाले स्वास्थ्योपचार सेवा लिएका छन् । यसअघि आव २०७९/८० मा ५० हजार दुई सय ८१ र आव २०७८/७९ मा ४० हजार एक सय १० जनाले ओपिडी सेवाबाट स्वास्थ्योपचार गराएका थिए । अस्पतालले सोमबार आयोजना गरेको वार्षिक समीक्षामा अस्पतालका निमित्त मेडिकल सुपेरिटेण्डेन्ट डा थापाले साँघुरो भौतिक पूर्वाधार र सीमित स्रोत, साधनका बीच विस्तार भएको ओपिडी सेवाले बिरामीलाई सहजता मिलेको बताउनुभयो । गत वर्ष सात हजार पाँच सय ७२ जनाले अस्पतालको आकस्मिक सेवा लिएका छन् भने दुई हजार दुई सय ६५ जना बिरामी अस्पतालमा भर्ना भएर उपचार गरेको उहाँले बताउनुभयो । त्यस्तै गत वर्ष कुल तीन सय ७० महिला बेनी अस्पतालमा सुत्केरी भएकामा ९६ जनाको शल्यक्रिया गरी बच्चा जन्माइएको उहाँले जानकारी दिनुभयो ।

गत वर्ष बेनी अस्पतालमा ९८ जनाको मुख्य शल्यक्रिया गरिएको छभने नौ हजार छ सय ३६ जनाले युएसजी सेवा लिएका छन् । चार हजार १३ जनाले इसिजी सेवा लिएकामा १५ हजार आठ सय ९५ जनाले एक्सरे सेवा पाएका छन् । अस्पतालको सुविधासम्पन्न भवन निर्माणधीन अवस्थामा रहेकाले भौतिक पूर्वाधार र जनशक्ति अभावका बीचमा सेवा विस्तार गरी बिरामीलाई सहजता प्रदान गरेको अस्पताल व्यवस्थापन समितिका अध्यक्ष ज्ञानेन्द्र सुवेदीले बताउनुभयो ।

उहाँले अस्पतालमा मेसिन उपकरणको बन्दोबस्त गर्ने काम भइरहेको भए पनि भवनको पूर्वाधारले पूर्णता नपाउँदा सेवालाई थप विस्तार र स्तरीकरण गर्न समस्या भएको जानकारी दिनुभयो । विसं २०७२ मा ५० शय्या क्षमतामा स्तरोन्नति भए पनि अस्थायी भौतिक संरचना थप गरेर अहिले ७८ बेड पुर्‍याइएको छ । अस्पतालमा स्वीकृत दरबन्दी कुल ५९ रहे पनि हाल जम्मा २६ जनाको मात्रै पदपूर्ति भएको छ ।

अस्पतालको सेवालाई सञ्चालन गर्न अस्थायी र करारमा समेत नियुक्त गरेर हाल अस्पतालमा एक सय २० जना कार्यरत रहेको अस्पताल व्यवस्थापन समितिले जनाएको छ ।

बेनी अस्पतालमा मानसिक रोग, महिला तथा प्रसूति रोग, जनरल फिजिसियन, बालरोग विशेषज्ञ, हाडजोर्नी तथा नशारोग, जनरल सर्जरीलगायत विशेषज्ञ सेवाका साथै मिर्गौला रोगका बिरामीका लागि डाइलाइसिस सेवा सञ्चालन हुँदै आएको छ ।

अतिरिक्त समयको सेवा प्रभावकारी

अस्पतालले सञ्चालन गरेको अतिरिक्त समयको सेवा प्रभावकारी बनेको छ । बिहान, बेलुकी र सार्वजनिक बिदामा पनि सरकारी अस्पतालमा सेवा पाएपछि कार्यालय समयमा फुर्सद नपाउने सेवाग्राहीलाई सहज भएको हो । अस्पतालको अतिरिक्त समयको सेवाले मजदुर, कर्मचारी, व्यवसायी, शिक्षक, विद्यार्थीलाई निजी क्लिनिक जानुपर्ने समस्या हटेको बेनीका रिमा क्षेत्रीले बताउनुभयो । "सरकारी अस्पतालको बहिरङ्ग विभागको सेवा अतिरिक्त समयमा पाएपछि निजी क्लिनिकमा जानुपरेन", उहाँले भन्नुभयो "कार्यालय समयमा फुर्सद नपाउने सेवाग्राहीलाई सहज भएको छ, धेरै लाइन बस्नु पनि परेन ।"अतिरिक्त समय सेवा दिन थालेपछि सेवाग्राहीको सङ्ख्या बढेको अस्पतालका निमित्त प्रमुख डा थापाले बताउनुभयो । "अतिरिक्त समय सेवा प्रवाह सञ्चालन गरेपछि सेवाग्राहीको सङ्ख्या अघिल्लो वर्षको तुलनामा २४ हजार जनाले बढेको छ", उहाँले भन्नुभयो "बहिरङ्ग विभागको सेवा लिने करिब ४० प्रतिशत अतिरिक्त समयका सेवाग्राही छन् ।" पचास शय्या क्षमता भए पनि ७८ शय्या बराबरको सेवा दिँदै आएको बेनी अस्पतालमा म्याग्दीका साथै पर्वतको उत्तरी क्षेत्रमा पर्ने जलजला गाउँपालिकाका बासिन्दाले सेवा लिँदै आएका छन् । अस्पतालको सामाजिक सेवा एकाइबाट निःशुल्क र सहुलियत रूपमा स्वास्थ्य सेवा लिनेको सङ्ख्या पनि बढेको छ । एकाइमार्फत आव २०७९/८० मा चार सय ७६ जनाले सेवा लिएकामा यो सङ्ख्या आव २०८०/८१ मा बढेर एक हजार एक सय ८६ जना पुगेको अस्पतालका सूचना अधिकारी वरिष्ठ नर्सिङ अधिकृत खेमकुमारी पन्तले बताउनुभयो ।

एकाइमार्फत महिला स्वास्थ्य स्वयंसेविका, गरिब, असाहय, परिचयपत्रबाहक अपाङ्ग, ज्येष्ठ नागरिक, लैङ्गिक हिंसापीडित, गरिब तथा विपन्न, विपद् प्रभावित, सहिद परिवार, कुपोषित बालबालिका, प्रहरीले ल्याएका थुनुवा बिरामी, सीमान्तकृत तथा लोपोन्मुख आदिवासी र जनजातिले निःशुल्क वा सहुलियतमा सेवा पाउँछन् । "स्वास्थ्य बीमा बोर्डले औषधापचारबापतको रकम समयमा भुक्तानी नगर्दा र ५० शय्या क्षमताको भवन निर्माणमा भएको ढिलाइले सेवा प्रवाहमा चुनौती सिर्जना भएको छ" व्यवस्थापन समिति अध्यक्ष सुवेदीले भन्नुभयो, "ठेकेदारले यसै वर्ष दुईवटा भवनको बल्क हस्तान्तरण गर्ने प्रतिबद्धता जनाएको छ ।"

# राधा-लक्ष्मी पुरस्कार पण्डित माधवशरणलाई

**पोखरापत्र संवाददाता**
पोखरा, ८ असोज



हेमजा साहित्य प्रतिष्ठनद्धारा सञ्चालित राधा-लक्ष्मी पुरस्कारबाट पण्डित माधवशरण बास्तोला पुरस्कृत हुनभएको छ ।

प्रतिष्ठानले मंगलबार स्व. लक्ष्मी शरण उपाध्यायको ८७ वर्षको स्मृतिमा एक कार्यक्रमको आयोजना गरी बास्तोलालाई पुरस्कृत गरेको हो । कार्यक्रममा प्रमुख अतिथी पोखरा महानगर पालिका वडा नं.२५ कि कार्यवहाक अध्यक्ष धन कुमारी पोखेल तिम्सिना, हेमजा साहित्य प्रतिष्ठानका अध्यक्ष वलराम पौडेल पुरस्कार संरक्षकद्धय केशवशरण पौडेल, माधवशरण पौडेल र श्यामशरण पौडेलले बास्तोलालाई संयुक्त रुपमा नगद सहित सम्मान पत्रले सम्मान गर्नुभएको थियो । पुरस्कारको राशी नगद १५ हजार सम्मान पत्र र दोसल्ला रहेको थियो । शिक्षा, साहित्य र धर्म, अध्यात्मको श्रीवृद्धि तथा संरक्षणमा क्रियाशिल रहेर सभ्य र समुन्नत समाज निर्माणमा पुऱ्याउनु भएको योगदानको कदर स्वरुप यो पुरस्कारबाट बास्तोलाई पुरस्कृत गरिएको हो । हरेक वर्ष लक्ष्मीशरण उपाध्यायको स्मृति पारेर प्रदान गरिने यो पुरस्कार यस अघि छन्दनायक माधव वियोगी र शिक्षासेवी चतुरमान श्रेष्ठलाई प्रदान गरिएको थियो । शिक्षा, साहित्य र धार्मिक क्षेत्रमा महत्वपूर्ण योगदान पुऱ्याउनुभएका पोखरा-२५ हेमजाका स्व.लक्ष्मीशरण उपाध्यायका छोरा केशवशरण पौडेल र माधव शरण पौडेलले आफ्ना बुवा लक्ष्मीशरण र आमा राधादेवी पौडेलका नाममा राधा-लक्ष्मी अक्षयकोष स्थापना गर्नुभएको थियो । अक्षयकोष २ लाख २५ हजारको रहेको छ । उक्त कोषमा उमाकान्त पौडेलले ५ हजार प्रदान गरी २ लाख ३० हजार पुऱ्याइएको छ । कार्यक्रममा बोल्दै प्रमुख अतिथी पोखरा महानगर पालिका वडा नं. २५ कि कार्यावहाक अध्यक्ष तिम्सिनाले स्व.लक्ष्मीशरण उपाध्याय हेमजाको इतिहास भएको बताउँदै उहाँलाई जिवन्त राख्ने काम परिवारले गरेको उल्लेख गर्नुभयो । पोखरा महानगर पालिका वडा नं. २५ का पूर्व वडा अध्यक्ष शोभाकर तिमिल्सिनाले यो कार्यक्रम नयाँ पुस्ताको लागि प्रेरणा वन्ने बताउनुभयो । पोखरा महानगर पालिका वडा नं. २५ का वडा सदस्य कृष्णबहादुर कुँवरले स्व. लक्ष्मी शरण उपाध्यायले गरेका कार्यहरुलाई हामीले पछ्याउनु पर्ने बताउनुभयो । पुरस्कृति व्यक्तित्व माधवशरण बास्तोलाले स्व. लक्ष्मीशरण उपाध्यायले आफूलाई पनि पढाएको स्मरण गर्दै उहाँका योगदान समाजले कहिल्यै विर्सन नहुने उल्लेख गर्नुभयो । अक्षयकोषका संरक्षक केशवशरण पौडेलले वुवा र आमाको सम्झनामा राखिएको यो अक्षयकोषलाई बढाएर अझै फराकिलो बनाउदै लैजाने वचन व्यक्त गर्नुभयो । कार्यक्रममा प्रतिष्ठानका मासिक कार्यक्रम अन्तर्गत २५२ औ शुभप्रभात काव्यमाल अन्तर्गत रचना वाचन गरिएको थियो । हेमजा साहित्य प्रतिष्ठान हेमजाका अध्यक्ष बलराम पौडेलको अध्यक्षतामा सम्पन्न भएको कार्यक्रममा हेमजा साहित्य प्रतिष्ठानका पूर्व अध्यक्ष कृष्णप्रसाद पौडेल, समाजसेवी ऋषिराम पौडेल अक्षयकोषका संरक्षक माधवशरण पौडेल, हेमजा साहित्य प्रतिष्ठानका उपाध्यक्ष सुनिल गायक, सचिव परशुराम अधिकारी, साहित्यकार वसन्त बास्तोला 'चिन्तन', डा. अनिल थापा, राजेन्द्र बास्तोलालगाएले बोल्नुभएको थियो ।

# दलित गाउँका पहिला शिक्षक

**पोखरापत्र संवाददाता**
बागलुङ, ८ असोज

बागलुङ सदरमुकाम नजिकैको सिगानामा छ ठूलो दलित गाउँ । मिलेको सुन्दर गाउँभित्रका अनेक पीडा भने बाहिर आउन सकेका छैनन् । शिक्षा क्षेत्रमा पछि नै रहेको उक्त गाउँमा खानेपानीको समेत पहुँच छैन । दुई सय परिवारले दुई धाराको खानेपानी प्रयोग गर्दै आएका छन् ।

बागलुङ नगरपालिका-८ सिगानास्थित लामिचौरको दलित बस्तीमा २०० घरपरिवार बस्दै आएका छन् । शैक्षिक क्षेत्रमा पछि परेको गाउँबाट २२ वर्षका विशाल परियार पहिलो शिक्षक बन्नुभएको छ । यहाँको शैक्षिक गुणस्तर बढाउँदै पढाइप्रति जागरुक बनाउनका लागि आफूले शिक्षक पेसा रोजेको परियारको भनाइ छ ।

परियारले २०७८ मा खुलेको शिक्षक सेवामा प्रावि र निमाविमा एकैपटक लिखित परीक्षा पास गर्नुभएको थियो । अन्तर्वार्तामार्फत प्राविमा नाम निकाल्न सफल परियार अहिले गाउँमै रहेको सिगाना मावि लामिचौरमा अध्यापन गराइराख्नुभएको छ । उहाँले आफ्नो सपना नै शिक्षक बन्ने रहेको सुनाउनुभयो । "घर नजिकै माध्यमिक विद्यालय छ, त्यहाँ अधिकांश दलित समुदायकै विद्यार्थी छन्, तर बीचमै पढाइ छाड्ने र रोजगारीका लागि विदेश जाने परम्परा व्याप्त छ, लोकसेवा आयोग, शिक्षक सेवा आयोगमा परीक्षा दिने चलनै छैन", परियारले भन्नुभयो, "यहाँको पढाइ छाड्ने परम्परा तोड्न र आफूले गाउँमै बसेर सेवा गर्न इच्छा आयो, त्यसैले शिक्षक सेवाको परीक्षा दिए, पहिलो वर्षमै नाम निस्क्यो, अहिले आफ्नै गाउँका विद्यार्थी पढाउन पाउँदा खुसी छु ।" पहिलोपटक दिइएको शिक्षक सेवा आयोगको परीक्षामा लिखिततर्फ प्रावि र निमावि दुवैमा नाम निकाल्न सफल भएको बताउँदै परियारले अन्तर्वार्तामा गएर प्राविमा सफल भएको जानकारी दिनुभयो । मैले यही सिगाना मावि लामिचौरमै पढेर शिक्षक भएर आए भने अन्य भाइबहिनीहरूले समेत सक्नुहुन्छ भन्ने हेतुले हौसला दिइराखेको परियारको भनाइ छ । उहाँले अधिकांश दलित विद्यार्थीलाई पढाउन शिक्षक बाहिरबाट आउने गरेको जनाउँदै यहाँबाट शिक्षक उत्पादन नहुँनु दुःखद रहेको बताउनुभयो । अङ्ग्रेजी विषयमा स्नातक अध्ययन गरिसक्नुभएका परियारले आफू गाउँकै पहिलो शिक्षक भएको बताउनुभयो ।

गाउँबाट पहिलो शिक्षक भएपछि समाजले हेर्ने दृष्टिकोणसमेत परिवर्तन भइसकेको बताउँदै परियारले गाउँलाई शैक्षिक क्षेत्रमा उकास्न आफूले शिक्षक पेसा रोजेको सुनाउनुभयो । "आयोग पास गर्ने, नेपालकै जागिर खाने चलन दलित बस्तीमा थिएन, भर्ती हुन नसके विदेश जाने चलनलाई चिर्न आवश्यक छ, कम्तीमा उच्च शिक्षा हासिल गर्दा गाउँकै विकासमा सहयोग पुग्छ भन्ने लाग्छ", उहाँले भन्नुभयो, "दुई सय घरपरिवार भएको दलित गाउँबाट पहिलो शिक्षकका रूपमा आफ्नै गाउँमा सेवा गर्ने मौका पाएको छु, आगमी दिनमा भाइबहिनीहरूलाई समेत ऊर्जा र प्रेरणा मिल्नेछ ।"

सिगानाभरमा धेरै शिक्षक उत्पादन भए पनि दलित बस्तीबाट विशाल पहिलोपटक शिक्षकका रूपमा विद्यालयमा अध्यापनरत रहेको सिगाना माविका शिक्षक अभिभावक सङ्घका अध्यक्ष गोविन्दप्रसाद गौतमले जानकारी दिनुभयो । गौतमले पढाइमा अब्बल परियारले अन्य क्षेत्रसमेत रोज्नसक्ने भन्दै शिक्षक बनेर गाउँकै विद्यालयमा पढाउने उद्देश्य राख्नुले समग्र गाउँकै प्रेरणा बनेको बताउनुभयो ।

# आयोजना प्रभावितलाई मौरीपालन र वित्तीय साक्षरता तालिम

**पोखरापत्र संवाददाता**
तनहुँ, ८ असोज



तनहुँ जलविद्युत् आयोजनाले ऋषिङ गाउँपालिका-८ पल्ट्याङ्मा प्रभावितलाई मौरीपालन र वित्तीय साक्षरतासम्बन्धी तालिम दिएको छ ।

आयोजना प्रभावितहरूको जीविकोपार्जन पुनःस्थापना तथा आयआर्जन वृद्धिका लागि सञ्चालित तालिममा आयोजनाको डुबान क्षेत्र भिमाद नगरपालिका-५ का १६ जनाको सहभागिता थियो । यही असोज ३ गतेदेखि ऋषिङ गाउँपालिका-८ को वडा कार्यालयमा तीनदिने तालिम सञ्चालन गरिएको थियो । ऋषिङ गाउँपालिका-८ का वडाध्यक्ष भरतकुमार श्रेष्ठले आयोजना प्रभावितहरूलाई लक्षित गरी सञ्चालन गरिएको तालिमले प्रभावितहरूको आयआर्जन वृद्धिमा सहयोग पुग्ने विश्वास व्यक्त गर्नुभयो । तालिमबाट सिकेको सीपलाई व्यावहारिक रूपमा प्रयोग गरी पल्ट्याङलाई मौरीपालनको पकेट क्षेत्रका रूपमा विकास गर्न उहाँले आग्रह गर्नुभयो । तनहुँ हाइड्रोपावर लिमिटेडका प्रबन्ध-सञ्चालक किरणकुमार श्रेष्ठले तालिमबाट प्राप्त सीप र ज्ञानलाई कार्यान्वयन गरी उद्यमशीलताको विकास गर्न आग्रह गर्नुभयो । उहाँले आयोजना प्रभावितहरूको आयआर्जन वृद्धि गरी जीवनस्तरमा सुधार ल्याउन आगामी दिनमा पनि आवश्यकताबमोजिम सीपमूलक तालिम सञ्चालन गरिने बताउनुभयो ।

आयोजना प्रमुख श्यामजी भण्डारीले आयोजना प्रभावित क्षेत्रमा सामुदायिक विकासका विभिन्न योजना कार्यान्वयन भइरहेको उल्लेख गर्नुभयो । तालिममा सहभागी गीता थापाले व्यावसायिक रूपमा मौरीपालन गरिहेका प्रशिक्षकबाट तालिम दिइएकाले व्यावहारिक ज्ञान र सीप हासिल गरेको बताउनुभयो । उहाँले तालिमपछि व्यावसायिकमौरीपालनगर्नआत्मविश्वास बढेको बताउनुभयो । आयोजकले सहभागीहरूलाई मौरीसहितका घार र आवश्यक उपकरणहरू निःशुल्क रूपमा उपलब्ध गराएको छ । आयोजनाले प्रभावितहरूलाई लक्षित गरी प्लम्बिङ, इलेक्ट्रेसियन, सिलाइबुनाइ, वित्तीय साक्षरता, बाख्रापालन, तरकारी खेतीलगायत १४ वटा तालिम सञ्चालन गरिसकेको छ । उक्त तालिममार्फत १३९ पुरुष र १५५ महिला गरी २९४ जना लाभान्वित भइसकेको आयोजनाले जनाएको छ ।


## राष्ट्रिय अपाङ्ग महासंघ नेपाल
### गण्डकी प्रदेश
## केयर टेकर माग सम्बन्धी सूचना

प्रथम पटक सूचना प्रकाशित मितिः २०८१/०६/०९

गण्डकी प्रदेश सरकार, सामाजिक विकास, युवा तथा खेलकुद मन्त्रालयको आ.व. २०८१/०८२ को वार्षिक स्वीकृत कार्यक्रम अन्तर्गत यस राष्ट्रिय अपाङ्ग महासंघ नेपाल, गण्डकी प्रदेशसँगको समन्वयमा शारीरिक अपाङ्गता भएका व्यक्तिहरुको लागि केयर टेकर व्यवस्थापनका लागि सेवा करारबाट कर्मचारी व्यवस्थापन गरिने भएकोले गण्डकी प्रदेश भित्रका १८ वर्ष पूरा भई ४० वर्ष ननाघेका इच्छुक उम्मेद्वारहरुले मिति २०८१/०६/१६ गतेसम्म तपसिल बमोजिमका कागजातहरु सहित यस कार्यालयमा आवेदन पेश गर्नुहुन सम्बन्धित सबैको लागि यो सूचना प्रकाशित गरिएको छ ।

तपसिलः

| क्र.स. | माग पद | संख्या | उम्मेदवारहरुले पेश गर्नुपर्ने कागजातहरु |
|---|---|---|---|
| १. | केयर टेकर | १ | ▸ सम्बन्धित व्यक्तिको निवेदन<br>▸ नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि<br>▸ मान्यताप्राप्त शिक्षण संस्थाबाट कम्तिमा एसईई परीक्षा वा सो सरह उत्तीर्ण गरेको प्रमाणपत्रको प्रतिलिपि<br>▸ केयर टेकरको तालिम प्राप्तको प्रमाणपत्रको प्रतिलिपि<br>▸ अपाङ्गता क्षेत्रमा (विशेषगरी शारीरिक अपाङ्गता) कम्तिमा १ वर्षको कार्य अनुभव भएको विवरण खुल्ने प्रामाणित कागजात |

**सम्पर्क नम्बरः** ९८४६८५२८०० / ०६१-५८८७५८
**ठेगानाः रत्नचोक-७, पोखरा (मुख्यमन्त्री कार्यालय नजिक)**
**ई-मेलः** gandaki@nfdn.org.np


# साफ च्याम्पियनसिप फुटबल प्रतियोगिताको लागि खेलाडी छनोट

**रासस**
काठमाडौं, ८ असोज

घरेलु मैदानमा आयोजना हुने महिला साफ च्याम्पियनसिप फुटबल प्रतियोगिताका लागि प्रारम्भिक चरणमा ४० खेलाडी छनोट भएका छन् ।

आगामी कात्तिक १ देखि १४ गतेसम्म हुने उक्त प्रतियोगिताको लागि नेपाली राष्ट्रिय फुटबल टोलीका मुख्य प्रशिक्षक राजेन्द्र तामाङले मंगलबार खेलाडी छनोट गर्नुभएको हो । उहाँले राष्ट्रिय टोलीबाट खेलिरहेका खेलाडीबाहेक राजधानीमा जारी एन्फा महिला लिग प्रतियोगितामा उत्कृष्ट खेल प्रदर्शन गरेका खेलाडीलाई समेट्दै ४० खेलाडीलाई बन्द प्रशिक्षणमा बोलाउनुभयो । छनोट हुने नेपाली टोलीमा अन्जली तुम्बापो सुब्बा, अन्जना रानामगर, उसा नाथ, गीता राना, अमृता जैसि, समीक्षा घिमिरे, नीसा थोकर, पुजा राणा, विमला विक, हिराकुमारी भुजेल, प्रतीक्षा चौधरी, रेणुका नगरकोटी, प्रीति राई, सरु लिम्बु र दीपा शाही छन् ।

त्यसैगरी सविता रानामगर, अनिता बस्नेत, अमिषा कार्की, विमला चौधरी, सावित्रा भण्डारी, रेखा पौडेल, रश्मीकुमारी घिसिङ, अनिता केसी, चन्द्रा भण्डारी, सरस्वती हमाल, तुलसा बोहरा, भूमिका बुढाथोकी, ममता पुन, यशोदा शाही, अञ्जली माचामसी, सुष्मा तामाङ, सुक्रिया मिया, सजिना कोइराला, नेहाकुमारी चौधरी, सजनी थोकर, अनिता लामगेल, लिला जोशी, सुशीला चौधरी, कुस्मा राई र सुनिता भुलन छनोटमा परेका छन् । उक्त प्रतियोगितामा नेपाल समूह 'बी' मा रहेको छ । नेपालको समूहमा श्रीलङ्का, माल्दिभ्स र भुटान रहेका छन् ।